# संसदीय सुनुवाइ समिति समक्ष प्रस्तुत अवधारणा र कार्ययोजना

प्रस्तुतकर्ता : शारङ्गा सुवेदी

## १. प्रारम्भ :

नेपालको संविधानको धारा १५३ बमोजिम न्याय परिषद्बाट मिति २०८०/०८/०५ मा भएको निर्णय अनुसार सम्मानित सर्वेच्च अदालतको न्यायाधिश पदमा नियुक्तिको लागि म समेतलाई सिफरिश गरिएको हुँदा संविधानको धारा २९२ तथा संघिय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २६ बमोजिम सुनुवाईको निमित्त उपस्थित भएको छु। संघिय संसदीय सुनुवाइ समितिको कार्यविधि २०८० को दफा १९ को व्यवस्था समेतको अनुरुप संसदीय सुनुवाइको प्रयोजनार्थ अवधारणा, कार्ययोजना सहित मेरो न्यायका प्रतिको प्रतिवद्धता यस संसदीय सुनुवाइ समिति समक्ष प्रस्तुत गरेको छु। सम्मानित सर्वोच्च अदालतको न्यायाधिश पद व्यक्ति विशेषको वृत्ति विकासको अवसर दिने दिलाउने वा हासिल गर्ने प्रकृतीको पद नभइ मुलुकका लागि तथा न्यायका आकांक्षी सर्वसाधारण मानिसहरुको न्यायका खातिर योगदान दिने पद भएकोले सार्वभौम सत्ता सम्पन्न आम नागरिकहरुको प्रतिनिधि संस्था संसदीय सुनुवाइ समितिबाट अनुमोदित व्यक्तिले जन भावना अनुरुप कार्य सम्पादन गर्दछन् भन्ने अपेक्षा गरिएको हुन्छ। यस सुनुवाइ समितिबाट सोहि बमोजिमको कर्तव्य निर्वाह हुनेमा म पूर्ण विश्वस्त छु।

## २. पृष्ठभूमी:

नेपालको संविधानको धारा १ ले संविधानलाई मूल कानूनको रुपमा घोषणा गर्दै संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भनी स्पष्ट गरेको पाइन्छ। संविधानको प्रस्तावनामा नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित राष्ट्र निर्माण गर्ने प्रतिवद्धता सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जाहेर गर्दै नेपालको संविधान जारी भएको हुँदा संविधानको उपरोक्त बमोजिमको मर्म र भावनालाई आत्मसाथ गर्नु हामी सबैको कर्तव्य हुने कुरामा दुई मत गर्ने ठाउँ छैन। नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य सम्बन्धमा स्पष्ट गरिएको पाइन्छ भने संवैधानिक उपचारको व्यवस्था पनि धारा १३३, १४४ र १५१ मा गरिएको पाइन्छ। संविधानको धारा ५० मा राज्यका निर्देशक सिद्धान्तहरुको सम्बन्धमा स्पष्ट गरिएको पाइन्छ। सो धारा ५० (ट)मा न्याय र दण्ड सम्बन्धि नीतिको सम्बन्धमा स्पष्ट गरिएको पाइन्छ। धारा ५० (ट) (१) मा न्याय प्रशासनलाई छिटो छरितो सर्वसुलभ मितव्ययी निष्पक्ष प्रभावकारी र जनउत्तरदायी बनाउने ऐ (२) मा सामान्य प्रकृतीका

विवाद समाधानका लागि मेलमिलाप मध्यस्थता तथा वैकल्पिक उपायहरु अवलम्बन गर्ने विषयहरुलाई राज्यका निर्देशक सिद्धान्तहरुको रुपमा आत्मसाथ गरिएको पाइन्छ। संविधानको धारा १२६ बमोजिम नेपालको न्याय सम्बन्धि अधिकार संविधान, अन्य प्रचलित कानून र न्यायका मान्य सिद्धान्त बमोजिम न्यायिक निकायबाट प्रयोग हुने संवैधानिक प्रावधान रहेको पाइन्छ । संविधानको धारा १२७ बमोजिम नेपालमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत गरी तीन तहका अदालतहरु रहेका छन् । धारा १२७ (२) बमोजिम स्थानिय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न र आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था रहेको पाइन्छ । स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय तहमा न्यायिक समितिहरु न्यायिक कार्य सम्पादनमा क्रियाशिल रहेका छन् । संविधानको धारा १५२ बमोजिम खास किसिमका र प्रकृतीका मुद्दाहरुको काम कारवाही र किनारा गर्न संघिय कानून बमोजिम अन्य विशिष्टिकृत न्यायिक निकाय वा न्यायाधिरणको स्थापित र गठन गर्न सकिने संवैधानिक प्रावधान बमोजिम विशिष्टिकृत अदालत तथा न्यायाधिकरणहरु स्थापित र गठन भइ न्यायिक काम कारवाहीमा क्रियाशील रहेका छन् ।

नेपालको संविधानको धारा १२८ बमोजिम सर्वोच्च न्यायिक निकायको रुपमा सर्वोच्च अदालत रहेको छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भए देखि बाहेकका सबै अदालत र अन्य न्यायिक निकायहरु सर्वोच्च अदालतको मातहतमा रहने र संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने सर्वोच्च अदालतले आफ्नो र आफ्नो क्षेत्राधिकार भित्र पर्ने अदालत, विशिष्टिकृत अदालत वा अन्य न्यायिक निकायहरुको न्याय प्रशासन वा व्यवस्थापन सम्बन्धि विषयमा निरीक्षण सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिन सक्ने संवैधानिक प्रावधान रहेको पाइन्छ। त्यसै गरी सोही धारामा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको पाइन्छ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अदालतको अवहेलनामा कारवाही चलाइ सजाय गर्न सक्ने स्पष्ट संवैधानिक व्यवस्था रहेको पाइन्छ । उपरोक्त बमोजिम संविधानले परिकल्पना गरेको मूल्य र मान्यताहरुलाई स्थापित गर्दै संविधानको भावना र मर्म अनुकुल हुने गरी न्यायिक कार्य सम्पादन गर्नु न्यायकर्मीको हैसियतले मेरो मूल कर्तव्य हुनेछ ।

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका लोक कल्याणकारी राज्यको अभिन्न अङ्ग मानिन्छ । सामाजिक सुव्यवस्था कायम गर्ने उद्देश्यले नै न्याय प्रणालीको विकास भएको हुन्छ । विधिको शासन नै सुशासन र सामाजिक सुव्यवस्थाको मुल आधार हो । स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र

विधिको शासन न्याय प्रणालीमा सुशासन कायम गर्ने गराउने सन्दर्भमा अनेकन राष्ट्रिय एवं अन्तर राष्ट्रिय प्रयासहरु भए गरेको पाइन्छ । विभिन्न विधि शास्त्रिय सिद्धान्तहरु न्यायिक मूल्य र मान्यताहरुको विकास भएको पाइन्छ । संविधान, प्रचलित कानून तथा न्यायका मान्य सिद्धान्तहरुका आधारमा न्याय सम्पादन गरिँदा निष्पक्ष रुपमा छिटो छरितो हुनुपर्ने, कम खर्चिलो हुनुपर्ने, न्याय व्यवस्थामा सर्वसाधारणको सहज पहुँच हुनुपर्ने भन्ने समेतका विषयवस्तुहरु न्यायप्रणालीका अन्तरनिहित विषय वस्तुहरु हुन् । ति विषय वस्तुहरुको सम्बोधन अदालतको व्यवस्थापन र न्याय सम्पादनको काम कारवाहीहरुवाट सम्वोधन गर्नुपर्ने हुन्छ । न्याय अनुभूतीको विषय हो । न्याय दिएर मात्र हुँदैन न्याय दिएको देखिनु पनि पर्दछ भन्ने न्यायिक मान्यता रहेको छ । विधिशास्त्रिय सिद्धान्तहरु न्यायिक मूल्य मान्यताहरु स्थापित गर्दै न्याय सम्पादन गर्नुपर्ने हुन्छ । पक्ष विपक्षका विवादमा न्याय निरुपण गर्दा दुवै पक्षलाई चित्त बुझ्ने गरी निरुपण गर्न असम्भव प्राय हुन्छ । तसर्थ ति विषयहरु न्यायकर्मीको आचरण न्यायिक सुशासनबाट सम्बोधन गर्नुपर्ने हुन्छ । न्याय निरपेक्ष नभइ सापेक्षतामा खोजिने विषय भएको हुँदा न्यायिक विश्लेषण र अभ्यासको अहम भूमिका रहन्छ । न्यायकर्मीको न्यायिक विवेक, न्यायिक निष्ठा र इमानदार प्रयासबाट संविधान र कानूनका अमूर्त अक्षरहरुले जिवन्तता प्राप्त गर्दछ । न्याय प्रणाली र समाजका बिच दुरी बढ्न गयो भने न्यायको सम्बोधनमा जटिलता उत्पन्न हुन्छ । सर्वसाधारणले न्यायको अनुभूती गर्न सक्दैनन् । जसको कारण न्यायपालिका प्रतिको जनआस्थामा प्रतिकुल प्रभाव पर्दछ । कानून कहिल्यै पूर्ण हुन सक्दैन । कानून व्याख्या विवेचना र अभ्यासद्वारा कानूनलाई पूर्णता प्रदान गर्नुपर्ने हुन्छ । कानूनका प्रावधानहरुले सम्बोधन गर्न चुकेको न्याय, न्यायकर्मीको कलमबाट जन्मने विधिशास्त्रिय अवधारणाबाट सम्बोधन हुन सम्भव हुन्छ । त्यसतर्फ मेरो सार्थक प्रयास रहनेछ ।

न्यायपालिकाबाट सम्पादन गरिने काम कारवाहीहरुलाई प्रभावकारी र योजनावद्ध रुपमा सञ्चालन गर्ने उद्देश्यले न्यायपालिकाले २०६१ साल देखि पञ्च वर्षिय रणनीतिक योजना तर्जुमा गरी आएको छ । न्यायपालिकाले न्यायिक सुशासन कायम राख्ने, छिटो छरितो न्याय सम्पादन गर्ने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, अदालत व्यवस्थापन सुदृढिकरण गर्ने र न्यायपालिका प्रतिको जनआस्था र विश्वास अभिवृद्धि गर्ने समेतका लक्ष्यहरु निर्धारण गरेर आर्थिक वर्ष २०७६/०७७ देखि चौथो पञ्च वर्षिय रणनीतिक योजना तर्जुमा भइ कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ । न्यायपालिकाको रणनीतिक योजनाले संविधानले परिकल्पना गरे बमोजिमको न्याय प्रणाली स्थापित गर्ने प्रयास गरि आएको छ । न्यायकर्मी/न्यायाधिशको हैसियतबाट न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न आफ्नो तर्फबाट योगदान पुर्‍याउनु मेरो कर्तव्य हुनेछ ।

## ३. अवधारणा र कार्ययोजना

संविधानको मूल्य र मान्यता बमोजिम न्यायपालिकाको न्याय सम्पादन गर्ने भूमिका निर्वाह गर्न न्यायपालिका प्रतिवद्ध छ। सोहि प्रतिवद्धता पुरा गर्न न्यायपालिकाको योजना तर्जुमा भएको छ। न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिवद्धता भन्ने नाराका साथ न्यायका प्रति प्रतिवद्धता जाहेर गर्दै जारी भएको न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनीतिक योजनाले सबैका लागि न्याय सुनिश्चित् गर्ने परिदृश्य (vision) आत्मसाथ गरी संविधान कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्याय सम्पादन गर्ने लक्ष्य (mission) राखेको छ। केही न्यायिक मूल्य (values)हरु स्थापित गर्ने गराउने प्रयास गरेको छ। ति मूल्यहरु निम्न बमोजिम रहेका छन्।

- संविधान र कानूनप्रति आस्था
- स्वतन्त्रता निष्पक्षता र सक्षमता
- स्वायत्तता
- उत्तरदायित्व र जवाफदेहिता
- स्वच्छता र समानता
- गुणस्तरीयता
- सदाचार
- न्यायिक प्रशासनमा प्रतिनिधित्व र समावेशीता
- स्वामित्व (योजनाको स्वामित्व)
- सहभागिता र समन्वय

उपरोक्त बमोजिमका न्यायिक मूल्यहरु स्थापित गर्दै रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्यहरु हासिल गर्न रणनीतिक उद्देश्यहरु राखि कार्यसम्पादन गर्दै आएको छ।

३.१. <u>छिटो छरितो गुणस्तरीय न्याय</u> : छिटो छरितो गुणस्तरीय न्याय सम्पादनका लागि मुद्दाको फछ्र्यौटमा शिघ्रता ल्याउने, मुद्दाको व्यवस्थापन पद्दतीमा सुधार ल्याउने कार्यको लागि फरक मुद्दा व्यवस्थापन पद्धती लागु गरिएको छ। न्यायिक काम कारवाही तथा मुद्दाको फैसलामा गुणस्तरियता अभिवृद्धि गर्ने, मुद्दामा रहेको विवाद समाधान गर्न वैकल्पिक उपायहरु (मेलमिलाप पद्धती)लाई प्रभावकारी बनाउने, फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने समेतको प्रयासहरु निरन्तर जारी रहेको छ। सम्माननीय

प्रधानन्यायाधिश ज्यूको प्रतिवद्धता बमोजिम महिला वादी भएका घरेलु हिंसा, बालबालिका महिला वादी भएका अंश समेतका मुद्दा Dedicated Bench बाट हेरिने कार्य काठमाण्डौं, भक्तपुर र ललितपुरमा शुरु भइसकेको छ । जिल्ला र उच्च अदालतहरुमा दुई (२) वर्ष नाघेका मुद्दाहरु शून्यमा झार्ने र सर्वोच्च अदालतमा पाँच (५) वर्ष नाघेका मुद्दाहरु शून्यमा झार्ने उद्देश्यले मुद्दाको व्यवस्थापनको काम कारवाहीहरु अगाडि बढाइएको छ ।

३.२. **न्यायमा पहुँच** : न्यायमा पहुँच अभिवृद्धिका लागि न्यायमा पहुँचका लागि रहेका अवरोधहरु पहिचान गरी सम्बोधनको प्रयास भइरहेको छ । अदालतबाट प्रवाह हुने सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउने विभिन्न प्रयासहरु भएका छन् । कानूनी सहायतालाई प्रभावकारी बनाउने प्रयास भएको छ । न्यायिक प्रक्रिया र प्रणालीका बारेमा सर्वसाधारणहरुको जानकारीका लागि सुचना संप्रेषण गर्ने कार्य भइरहेको छ । अदालतको संरचना पिडित मैत्री रहेका छैनन्, सेवाग्राही मैत्री अदालत बनाउने प्रयास भएका छन् ।

३.३. **न्यायिक सुशासन** : न्यायिक सुशासनको प्रवर्धनको लागि न्यायिक स्वतन्त्रता र स्वायत्तता प्रवर्धन गर्ने, न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्ने, न्यायिक जनशक्तिको कार्य शैलीमा सुधार गर्ने अदालतबाट सम्पादन हुने काम कारवाहीको अनुगमन निरिक्षणलाई प्रभावकारी बनाउने प्रयास भएका छन् ।

३.४. **व्यवस्थापकिय सुधार** : अदालत व्यवस्थापन सुदृढिकरणका लागि मानव संसाधनको व्यवस्थापन, भौतिक र सेवा पूर्वाधारमा सुधार, वित्तिय व्यवस्थापन, सुचना प्रविधिको संस्थागत सुदृढिकरण, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, न्यायिक अध्ययन अनुसन्धान पद्धतीको विकास, योजना कार्यान्वयन प्रणालीको विकास गर्ने समेतका व्यवस्थापकिय सुधारका प्रयासहरु भएका छन् ।

३.५. **न्यायपालिकाको जनआस्था र विश्वास अभिवृद्धि** : न्यायपालिकाको जनआस्था र विश्वास अभिवृद्धिका लागि अदालतबाट प्रवाह हुने सेवाबाट सेवाग्राहीलाई सन्तुष्टि दिने प्रयास गरिएको छ । न्यायिक काम कारवाहीको सुचना सञ्चार संप्रेषण पद्धतीलाई सुधार गर्ने प्रयास भएको छ । सरोकारवालाहरुसँग सम्बन्ध र सहयोग सुदृढ गर्ने प्रयास भएका छन् । योजनाको मुल्यांकन, अनुगमन, समिक्षा गर्ने गरिएको छ ।

उपरोक्त बमोजिमको न्यायपालिकाको योजनाले न्यायिक काम कारवाहीमा धेरै सुधारको संकेत देखा परेका छन् । न्यायिक कामकारवाहीहरु तथ्याङ्कमा देखाउन सकिने अवस्था छ । अदालतबाट भएका

फैसलाहरुको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०६६/०१/२९ को निर्णय बमोजिम फैसला कार्यान्वयन निर्देशनालय स्थापना भइ निरन्तर फैसला कार्यान्वयनको प्रयास भएको छ । सार्वजनिक सरोकारका विषयमा भएका आदेशहरुको प्रभावकारी कार्यान्वयनको प्रयास भएको छ । सर्वोच्च अदालत नियमावली २०७४ बमोजिम सर्वोच्च अदालतमा अदालत व्यवस्थापन समिति, मानव संसाधन विकास समिति, अनुसन्धान तथा योजना समिति आदि गठन भइ तत् समिति मार्फत योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्ने, योजनाको प्रभावकारी कार्यान्वयन गर्ने प्रयासहरु भएका छन् । सर्वोच्च अदालत नियमावली २०७४ को नियम १२० बमोजिम न्यायमा पहुँच आयोग गठन भइ न्यायमा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने कार्यलाई प्रभावकारी बनाउने प्रयास भएका छन् ।

न्यायपालिकाको रणनीतिक योजना अनुरुप सम्मानित सर्वोच्च अदालत मातहतका सबै अदालतहरुले आफ्नो-आफ्नो अदालतको वार्षिक योजना बनाइ कार्यान्वयन गर्ने गरिएको छ । योजनाको अपनत्वको लागि सरोकारवालाहरुको समेत सहभागितामा योजना तर्जुमा गर्ने अन्तरक्रिया संवाद गर्ने सरोकारवालासँग परामर्श गर्ने गरिएको छ । न्याय क्षेत्र समन्वय समिति मार्फत सरोकारवाला निकायहरुसँग समन्वय गरी न्याय छिटो छरितो सम्पादन गर्ने प्रयास भएका छन् । योजनाको कुरा गर्दा अत्यन्त सुन्दर लाग्छ । न्यायपालिकामा समस्या नै छैन त ? भन्ने जस्तो पनि लाग्न सक्छ । के छ त अवस्था भन्ने कुरा न्यायपालिकाको लक्ष्य र प्रगती कै आधारमा हेर्ने हो ।

**२०८० साल कार्तिक मसान्तसम्मको तथ्याङ्क**

| | २०८० साल कार्तिक मसान्त सम्मको तथ्याङ्क | | | | | | दुई वर्ष नाघेको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी | यस वर्षको दर्ता | जम्मा लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी | लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी |
| जिल्ला अदालत | १०४४३० | ५२५५६ | १५६९८६ | ३५,०३५ | २२.३२% | १२१९५१ | १२४३८ | ३४९६ | २८.११% | ८९४२ |
| उच्च अदालत | २३९८६ | १३३२४ | ३७३१० | ८१६५ | २१.८८% | २९१४५ | १५५१ | ५९२ | ३८.१७% | ९५९ |
| सर्वोच्च अदालत | २८१३४ | ४१०२ | ३२२३६ | ४०७२ | १२.६३% | २८१६४ | १६८८२ | १७२२ | १०.२% | १५१६० |

उपरोक्त वमोजिमको तथ्याङ्कबाट सम्मानित सर्वोच्च अदालतमा तुलनात्मक रुपमा बढी कार्यबोझ रहेको प्रष्ट हुन्छ। सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाका अनुसार २०८० कार्तिक मसान्तसम्म अछाम, ओखलढुङ्गा, कालिकोट, गुल्मी, गोरखा, जाजरकोट, डडेलधुरा, ताप्लेजुङ्ग, तेह्रथुम, दार्चुला, दोलखा, पर्वत, प्युठान, वाजुरा, वैतडी र मनाङ्ग समेत जम्मा १६ जिल्लाहरुमा दुई (२) वर्ष नाघेका मुद्दाहरु बाँकी छैनन्। उच्च अदालतहरु मध्ये हेटौँडा, वाग्लुङ्ग, ओखलढुङ्गा इजलासहरुमा दुई (२) वर्ष नाघेका मुद्दाहरु बाँकी छैनन्। कार्यबोझ बढी भएका अदालतहरुमा नै दुई (२) वर्ष नाघेका मुद्दाहरु बाँकी रहेको अवस्था छ। न्यायमा विलम्वले न्यायलाई पराजित गर्ने भएकाले न्यायपालिकाको प्रमुख चुनौतीको रुपमा यहि विषय रहेको छ।

नेपालको न्यायपालिकाले २०६१ सालदेखि योजनावद्ध रुपमा मुद्दाको व्यवस्थापन गरेर न्याय सम्पादनको कार्य तथा न्यायिक सुशासन कायम गर्ने कार्यमा निरन्तर प्रयास गरीआएको अवस्था छ। मुलुकमा शासन प्रणालीमा परिवर्तन भएको सन्दर्भमा सापेक्षित व्यवस्थापन र आवश्यक कानूनको निर्माण समेतका कारणले न्यायपालिकाले केहि थप जिम्मेवारी र चुनौती सामना गर्नुपरेको अवस्था समेत छ। न्याय सम्पादनको कार्यमा न्यायपालिकाको मात्र भूमिका हुने नभइ सरकार र विधि निर्माताको समेत भूमिका रहन्छ। तर न्याय सम्पादन न्यायपालिकाबाट हुने भएकाले जवाफदेहिता न्यायपालिकाको रहन्छ। सर्वसाधारण जनताले न्याय प्राप्त गरेको महसुस गर्न सकेनन् भने निमुखाले न्याय प्राप्त गर्न सकेनन् भने उनिहरुको असन्तुष्टि न्यायपालिका प्रति पोखिन्छ।

न्यायपालिकालाई आवश्यक जनशक्ति, बजेट र भौतिक पूर्वाधारको अभाव हुँदा चुस्त दुरुस्त रुपमा मुद्दाको व्यवस्थापन, मानव संसाधनको दक्षता अभिवृद्धि, सूचना प्रविधिको अधिकतम् प्रयोग, पिडित मैत्री भौतिक व्यवस्थापन समेतका अति आवश्यक व्यवस्थापनमा कठिनाइ भएको महसुस गरिएको छ। जसको कारण छिटो छरितो न्यायको प्रत्याभूति दिने कार्यमा पनि प्रभाव परेको छ। अभाव र विविध आरोह अवरोहका बिचमा रहेर न्यायपालिकाले न्यायिक कार्य सम्पादन गर्नुपर्दा न्यायमा पहुँच पुऱ्याउने कार्यमा जनआस्था अभिवृद्धि गर्ने कार्यमा पनि प्रभाव परेको अवस्था छ। यस कुरालाई यस सुनुवाइ समितिमा उपस्थित रहनुभएका माननिय ज्यूहरुले मनन गरी सरकारलाई आगामी बजेटमा न्यायपालिकाको लागि विनियोजन हुने बजेट अभिवृद्धिका लागि सुझाव दिनुहुनेछ भन्ने मैले विश्वास लिएको छु।

## ४. व्यक्तिगत प्रतिवद्धता

व्यक्तिगत प्रतिवद्धताको प्रसङ्गमा मैले आफ्नो अनुभव र ज्ञानको विषयमा केहि कुरा यहाँ प्रकाश पार्न उपयुक्त हुन्छ भन्ने मलाई लागेको छ। मैले कानून विषयमा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेपछि अभिवक्ताको हैसियतमा २०४५ साल देखि स्वतन्त्र कानून व्यवसायीको रुपमा पेशा शुरु गरेको हुँ। २०४६ सालमा वि.एल. पास गरेपछि अधिवक्ताको हैसियतले २०४७ सालदेखि वकालत गरेको हुँ। करिव २१ वर्ष वकालत पेशामा मैले सर्वसाधारण मानिसको घर परिवार र समाजमा मुद्दाको उठान कसरी हुन्छ ? न्याय प्राप्ति गर्न उनिहरुलाई के कस्तो कठिनाई पर्छ ? अड्डा अदालत लगायतका सम्बन्धित निकायमा सर्वसाधारणले के कस्तो जटिलता भोग्नु व्यहोर्नु पर्छ ? अदालतबाट अन्तिम भएको फैसलाको प्रत्याभूती कसरी प्राप्त गर्दछन् भन्ने कुरा मैले उनिहरुसँगै रहेर अनुभूती गरेको छु। त्यसैले मेरो पहिलो प्रतिवद्धता र पहल सर्वसाधारणको न्याय सम्बोधन सकेसम्म सरल र सुलभ तवरले गर्ने गराउने नै हुन्छ।

मैले मानव अधिकार र मानवीय कानून, लैङ्गिक न्यायका विषयमा कानून व्यवसायीको हैसियतले र न्यायाधिशको हैसियतले समेत निरन्तर तालिम लिएको, दिएको, अध्ययन गरेको, राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलानहरुमा भाग लिएका अनुभवले हालसम्म दैनिक न्याय सम्पादनको कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकेको छु भन्ने मलाई लाग्दछ र त्यसै गरी आगामी दिनहरुमा पनि सर्वसाधारणको न्यायलाई सम्बोधन गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु। मैले तत्कालिन पुनरावेदन र हालको उच्च अदालतहरुमा रहेर चौध (१४) वर्ष भन्दा बढी न्याय सम्पादनको कार्य गर्दा मेची देखि महाकाली सम्मका कार्यबोझ भएका विभिन्न अदालतहरुमा रहेर देवानी, फौजदारी, वाणिज्य, रिट समेतका सात (७) हजारभन्दा बढी विभिन्न प्रकृतीका मुद्दाहरुमा न्याय सम्पादनको कार्य गरेको छु। देशका विभिन्न स्थानहरुको भौगोलिक अवस्था भाषा संस्कृति समेतका बारेमा साक्षत्कार गरेको छु। देवानी, फौजदारी र वाणिज्य सम्बन्धि विषयमा तालिम लिएको, सभा सम्मेलनहरुमा भाग लिएको समेतको मेरो अनुभव रहेको हुँदा न्यायपालिकाको सर्वोच्च निकायमा रहेर काम गर्ने अवसर प्राप्त भएमा चुस्त दुरुस्त रुपमा न्याय सम्पादनको कार्य गरी योगदान पुऱ्याउन सक्नेछु भन्ने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

सबैका लागि न्याय सुनिश्चित् गर्न न्यायपालिकाले गरेका प्रयास, न्यायपालिकाको, वर्तमान नेतृत्वले प्रस्तुत गर्नुभएको कार्ययोजनामा संस्थागत र व्यक्तिगत रुपमा मेरो समेत प्रतिवद्धता रहेको छ। संविधानको मर्म र भावना बमोजिम स्वतन्त्र सक्षम र निष्पक्ष न्यायपालिकाको प्रत्याभूति हुने गरी छिटो छरितो न्याय सम्पादनका कार्य गर्न प्रतिवद्ध रहेको छु। सर्वोच्च अदालत नियमावलीले निर्दिष्ट गरे बमोजिम न्यायपालिकाको नेतृत्वले तोकेका अन्य न्यायिक र नीतिगत कार्यमा मेरो योगदान रहने छ।

न्यायपालिका प्रतिको आस्था अभिवृद्धि गर्नमा हर सम्भव प्रयास गर्ने छु । न्यायपालिकाको रणनीतिक योजनाको निर्माण तथा सफल कार्यान्वयनमा आफ्नो ज्ञान, अनुभवका आधारमा यथासक्य योगदान पुऱ्याउने छु । मुद्दाको व्यवस्थापन, इजलासको समयको व्यवस्थापनमा मेरो सक्रिय पहल र सहभागिता रहने छ । न्यायिक सुधारको कार्यमा अथक प्रयासहरु जारी रहनेछन् । नागरिकको मौलिक हकको संरक्षण सम्वर्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायतका विशेष संरक्षण आवश्यक पर्ने वर्गका मानिसहरुसँग सम्बन्धित संवेदनशील विषयका विवादलाई छिटोछरितो रुपमा निरुपण गरी न्यायको प्रत्याभूती दिने कार्यमा मेरो विशेष पहल हुनेछ ।

न्याय निरपेक्ष विषय होइन । सापेक्षतामा खोजिने विषय हो । न्यायका माध्यमबाट सामाजिक रुपान्तरण सम्भव हुन्छ । कानूनका शब्दहरुले न्यायलाई सम्बोधन गर्न जटिलता भएका विषयमा कानूनको व्याख्या र सकारात्मक अभ्यासले सम्बोधन गर्न सक्दछ भन्ने मेरो विश्वास छ । संविधान र कानूनमा लेखिएका अमूर्त शब्दहरुलाई जीवन्तता प्रदान गर्ने कार्य कानूनको व्याख्या र प्रयोगबाट सम्भव हुने हो । संविधान र कानूनको अन्तिम व्याख्याता सम्मानित सर्वोच्च अदालत हुने भएकोले संविधानको उपरोक्त भावना र मर्मलाई सम्मान गर्दै न्यायलाई सम्बोधन गर्ने कार्यमा मेरो विशेष प्रयास रहने छ । विधिको शासन कायम गर्न, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित लोक कल्याणकारी राज्यको स्थापना गर्ने कार्यमा आफ्नो कार्यक्षेत्रबाट आवश्यक पहलहरु गर्न म प्रतिवद्ध रहेको छु ।

माननीय सभापति ज्यू तथा माननीय सदस्य ज्यूहरु,

नेपालको संविधान बमोजिम स्वच्छ, छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन गरी सबैका लागि न्याय सुनिश्चित् गर्नु न्यायकर्मीको हैसियतले मेरो प्रमुख जिम्मेवारी हो । सो बमोजिम न्यायाधिश नियुक्ति भएदेखि निरन्तर रुपमा न्यायका प्रति प्रतिबद्ध रहि कार्य सम्पादन गरिआएको छु । न्यायिक सुशासन कायम गर्ने, न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने कार्यमा दत्त चित्त रहि योगदान पुऱ्याउन दृढ संकल्प लिएको छु ।

अन्त्यमा, मैले प्रस्तुत गरेका अवधारणा र कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सबैको आवश्यक सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु । यहि विश्वासका साथ यो कार्ययोजना प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा माननीय सभापति ज्यू तथा माननीय सदस्य ज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।